फोन नं. : ०७६-५६०२०१

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७९ / ०८० प्र.शा.
च.नं.:

मिति:-२०७९/११/०२

**सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना ।**
(प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/११/०२)

यस कपिलवस्तु नगरपालिकाको देहाय बमोजिमका पदहरुमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन गरेको मितिले १५(पन्ध्र) दिन भित्र तर वि.न.९ र १० को हकमा ७ (सात) दिन भित्र आवश्यक कागजात सहित यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ५/२०७९/०८० | परामर्शकर्ता (सामी) | सहायक पाँचौ | १ (एक) महिला |
| २ | ६/२०७९/०८० | अ.न.मी. | सहायक चौथो | २ (दुई) |
| ३ | ७/२०७९/०८० | नगर प्रहरी | श्रेणी विहिन | ८(आठ) पुरुष<br>२(दुई) महिला |
| ४ | ८/२०७९/०८० | विद्युत हेल्पर | श्रेणी विहिन | ३ (तीन) |
| ५ | ९/२०७९/०८० | प्राविधिक सुपरभाईजर | - | ३ (तीन) |
| ६ | १०/२०७९/०८० | हेरालु | - | १२ (बाह्र) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क. **आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता को हकमा:**

- न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ (तिन) वर्षको कार्यानुभव भएको।साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

ख. **अ.न.मी. को हकमा:-**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM कोर्स उत्तीर्ण गरी काउन्सिलमा दर्ता भएको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

ग. **नगर प्रहरीको हकमा:**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण गरेको।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको ।
- भूतपूर्व प्रहरी/सैनिकका हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

घ. **विद्युत हेल्परको हकमा:**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कक्षा १०/(S.E.E.) उत्तीर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- मान्यता प्राप्त संस्थाबाट कम्तिमा ३ महिनाको विद्युत सम्बन्धी तालिम लिएको ।
- प्लम्बिङ समेतको तालिम प्राप्तलाई विशेष प्राथमिकता ।

प्रमुख प्रशासकीय अधिकृत

ङ. <u>प्राविधिक सुपरभाईजरको हकमाः-</u>

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १०/T.S.E.E.( प्राविधिक) उत्तीर्ण गरेको।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

च. <u>हेरालुको हकमाः-</u>

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

२. **दरखास्त पेश गर्ने स्थानः** कपिलवस्तु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/११/१७ गते कार्यालय समय भित्र ।प्राविधिक सुपरभाईजर र हेरालुको हकमा २०७९/११/०९ गते कार्यालय समय भित्र ।

४. **आवेदन दस्तुरः** प्रशासन शाखाबाट आवेदन फाराम लिई विवरण भरी सकेपछी रु ५००।-(पाँच सय) मात्र। दस्तुर बुझाएको भौचर आवेदनसाथ संलग्न गर्नुपर्नेछ।

५. **छनौटको किसिमः**

सामी परामर्शकर्ताः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता ।
अ.न.मीः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता ।
नगर प्रहरीः- शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा तथा अन्तर्वार्ता ।
विद्युत हेल्परः- प्रयोगात्मक र अन्तर्वार्ता ।
प्राविधिक सुपरभाईजरः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता ।
हेरालुः- अन्तर्वार्ता ।

६. **परीक्षाको मितिः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै गरिनेछ। प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन नहुने पदको हकमा परीक्षा सम्बन्धी सूचना पछी प्रकाशन हुनेछ ।

७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

क. नेपाली नागरिकताको प्रतिलिपि
ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि
ग. तालिमको प्रमाणपत्रको प्रतिलिपि
घ. अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि
ङ. २ प्रति पासपोर्ट साईजको फोटो
च. नेपाल बाहेक अन्य देशको शैक्षिक योग्यताको प्रमाणपत्र भए समकक्षता प्रमाणपत्र (आवेदक स्वयंले कागजात प्रमाणित गर्नुपर्नेछ।)

८. **सेवा सुविधाः** कपिलवस्तु नगरपालिकको निर्णय बमोजिम हुनेछ । सामी परामर्शकर्ता को हकमाः "सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन,२०७९" बमोजिम हुनेछ ।

२०७९।११।२
प्रमुख प्रशासकीय अधिकृत